# बेनीघाट रोराङ गाउँपालिका


## स्थानीय राजपत्र

**खण्ड – १०** **संख्या –१** **मितिः २०८३ असार २५**


## भाग – २

बेनिघाट रोराङ गाउँपालिका फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८३

**बेनीघाट रोराङ गाउँपालिका**
**विशालटार, धादिङ**
**बागमती प्रदेश**

**बेनीघाट रोराङ गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड – १०** **संख्या – १** **मितिः २०८३ असार २५**

## बेनिघाट रोराङ गाउँपालिका फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८३

गाउँसभाबाट स्वीकृत मितिः २०८३/०३/१६

प्रस्तावनाः फोहोर गर्नेले नै सफा गर्नुपर्छ, त्यसको मुल्य तिर्नुपर्छ भन्ने मान्यतामा आधारित भई गाउँपालिकाको न्यूनतम खर्चमा फोहोरमैला व्यवस्थापन हुने सिद्धान्तलाई अंगिकार गर्दै फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी गाउँपालिका क्षेत्रभित्र फोहोरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जन स्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ, स्वस्थ र मनोरम वातावरण कायम गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम **"बेनीघाट रोराङ गाउँपालिका फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८३"** रहेको छ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यालय" भन्नाले बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ख. "गाउँ कार्यपालिका" भन्नाले बेनीघाट रोराङ गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

ग. "समिति" भन्नाले फोहोरमैला व्यवस्थापन समिति सम्झनु पर्दछ।

घ. "औद्योगिक फोहोरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने हानिकारक तथा प्रदुषित फोहोरमैला सम्झनु पर्दछ।

ङ. "निष्कासन" भन्नाले फोहोरमैला उत्पादन स्थलबाट गाउँपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्दछ।

च. "संकलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहोरमैला संकलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्दछ र घरघरमा फोहोरमैला संकलन गर्न आउने गाउँपालिकाले तोकेको फोहोरमैला संकलक वा फोहोरमैला संकलन गर्ने साधन समेतलाई जनाउँछ।

छ. "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, व्यवसायिक फोहोरमैला, रसायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका वस्तुहरु लगायत अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र

गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ।

ज. "प्रशोधन" भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तुतयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्दछ।

झ. "फोहोरमैला व्यवस्थापन" भन्नाले फोहोरमैलाको संकलन, बर्गिकरण, यथास्थिति मै बिक्रि वितरण, प्रशोधन र विसर्जनलाई सम्झनु पर्दछ।

ञ. "फोहोरमैला व्यवस्थापन स्थल" भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नका लागि गाउँपालिकाले तोकेको स्थल सम्झनु पर्दछ ।

ट. "विर्सजन" भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनु पर्दछ।

ठ. "सार्वजनिक निजी क्षेत्र साझेदारी" भन्नाले सार्वजनिक क्षेत्र (गाउँपालिका) र निजी क्षेत्रका बीचमा कुनै काम गर्ने सम्बन्धमा कानुन बमोजिम आपसी सहमतिमा हुने लाभ, लागत र जोखिमको साझेदारीलाई सम्झनु पर्दछ।

ड. "निर्धारित क्षेत्र" भन्नाले गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिमको फोहोरमैला संकलन गरिने क्षेत्रलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## फोहोरमैला उत्पादन, संकलन, न्यूनीकरण तथा निष्कासन सम्बन्धी व्यवस्थाः

**३. फोहोरमैला व्यवस्थापनमा गाउँपालिकाको मुख्य जिम्मेवारी रहनेः**

क. फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, वायोग्यास प्लान्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम विर्सजन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी गाउँपालिकाको हुनेछ।

ख. फोहोरमैला संकलन केन्द्र वा कुनै स्थानमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहोरमैलाको आवश्यक प्रबन्ध गर्ने वा अन्य कुनै किसिमबाट प्रयोग गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

ग. हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा औद्योगिक फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकाय स्वयंको हुनेछ।

घ. कुनै उद्योग वा संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरिदिन गाउँपालिकालाई अनुरोध गरेमा वा गाउँपालिकाले निर्माण गरेको फोहोरमैला स्थल प्रयोग गर्न माग गरेमा गाउँपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

ङ. गाउँपालिकाले वातावरण सफा राख्न र फोहोरको सहि व्यवस्थापन गर्न छुट्टाछुट्टै रङका डस्टबिनहरू प्रत्येक घर, व्यवसायीक स्थल तथा सार्वजनिक स्थलमा निःशुल्क वा लागत साझेदारीमा उपलब्ध गराउन सक्नेछ ।

**४. फोहोरमैलाको उत्पादन कम गर्नेः**

क. कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पादन हुने फोहोरमैला यथासक्य कम गर्नु पर्नेछ।

ख. आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्कासन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

**५. फोहोरमैलाको पृथकीकरणः**

क. गाउँपालिकाले फोहोरमैलालाई जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी स्रोत छुट्टाउने गरी तोक्नु पर्नेछ।

ख. गाउँपालिकाले तोकिदिए बमोजिम फोहोरमैलालाई विभिन्न तहमा छुट्टाई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि गाउँपालिकाले आवश्यक प्रविधि, मालसमान, उपकरण, कन्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

**६. फोहोरमैलाको निष्कासनः**

क. फोहोरमैला निष्कासनको समय, स्थान र तरिका गाउँपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

ख. हानिकारक फोहोरमैला वा रसायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ।

ग. हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला संकलन केन्द्रमा निष्कासन गर्न पाइनेछैन।

**७. संकलन केन्द्र तोक्नेः**

क. गाउँपालिकाले फोहोरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कन्टेनरको व्यवस्था गर्न सक्नेछ।

ख. फोहोरमैला संकलन केन्द्र तोक्दा सकेसम्म टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नुपर्नेछ।

**८. फोहोरमैलाको ढुवानीः**

क. फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी र जनअपेक्षित बनाउन गाउँपालिकाले प्रत्येक टोल वस्तीमा फोहोरमैला संकलनको लागि आवश्यक कन्टेनरको व्यवस्था गर्न सक्नेछ।

ख. टोल वस्तीमा संकलन केन्द्र नतोकिए वा फोहोरमैला संकलनको लागि आवश्यक कन्टेनरको व्यवस्था नभएको अवस्थामा प्रत्येक घर, सार्वजनिक स्थल तथा व्यवसायिक स्थलमा दफा ३(ङ) बमोजिम गाउँपालिकाबाट वितरित डस्टबिनहरूमा फोहोरमैला संकलनको व्यवस्था गरिनेछ ।

ग. उपदफा (क) र (ख) बमोजिम जम्मा भएको फोहोरमैलालाई फोहोरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व गाउँपालिका वा सम्झौता बमोजिम दफा ११ (झ) बमोजिमको निजी क्षेत्रबाट हुनेछ।

घ. फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नुपर्नेछ। यस्तो साधन तोक्दा तौल, क्षमता, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समतेलाई विचार गरी तोक्नुपर्नेछ।

**९. फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगः**

**क.** गाउँपालिकाले फोहोरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, आवश्यक प्रोत्साहनका कार्यक्रम लागू गर्ने तथा निजी क्षेत्र, सामुदायिक संस्था र सरोकारवाला निकायसँग समन्वयात्मक व्यवस्था मिलाउनेछ र यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ।

## परिच्छेद-३

## फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

**१०. फोहोरमैला व्यवस्थापन स्थलः** फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि गाउँपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहोरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नदेखिएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी वा अन्य संघसस्था वा निकायसँग आपसी सहमतिमा व्यवस्थापन स्थल तोक्न सक्नेछ।

क. गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संकलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विर्सजन गर्नका लागि वातावरण संरक्षणलाई ख्याल गरी फोहोरमैला व्यवस्थापन तथा प्रशोधन स्थल तोक्न सक्नेछ।

तर दफा ११ (झ) बमोजिमको निजी क्षेत्र छनौट भएको अवस्थामा गाउँपालिकाको समन्वयमा दफा १० (ज) बमोजिम फोहोरमैला व्यवस्थापन स्थलको पहिचान र छनौट गर्ने जिम्मेवारी सम्बन्धित निजी क्षेत्रको हुनेछ।

ख. फोहोरमैला व्यवस्थापन स्थल तोक्नका लागि जग्गाको अभाव भएमा उपयुक्त जग्गाको छनौट गरी उपलब्ध गराउनका लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

ग. गाउँपालिकाले अर्को कुनै एक वा सोभन्दा बढी स्थानीय तह समेतले संयुक्त रुपमा एउटै फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न उपयुक्त भएमा त्यस्ता स्थानीय तह बिच आवश्यक समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित स्थानीय तहहरुको लिखित सहमति र सर्तमा संयुक्त रुपमा प्रयोग गर्ने गरी व्यवस्था मिलाउन सक्नेछ।

घ. गाउँपालिकाको फोहोरमैला व्यवस्थापन स्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नुपर्नेछ।

ङ. गाउँपालिकाले फोहोरमैला व्यवस्थापन स्थल वा क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ।

च. गाउँपालिकाले संवेदनशिल क्षेत्रमा पशुपन्छी, जिवजन्तु तथा मानवको अनाधिकृत प्रवेशलाई रोक लगाउने, माटो, ढुंगा, गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातारण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि उचित निर्देशन दिन तथा निर्देशिका जारी गरी लागु गर्न सक्नेछ।

छ. कार्यालयबाट अनुमती नलिई कुनै पनि व्यक्ति, संस्था वा निकाय फोहोरमैला व्यवस्थापन स्थलमा प्रवेश गर्न वा फोहोरमैला बिसर्जन गर्न सक्ने छैन । अनुमति नलिई फोहोरमैला व्यवस्थापन स्थलमा प्रवेश गरेको पाईएमा वा पुष्टी भएमा आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ।

ज. **फोहोरमैला व्यवस्थापन स्थलको छनोटः** दफा ११ (झ) बमोजिमको निजी क्षेत्रले फोहोरमैला व्यवस्थापन स्थल छनोट गर्दा देहायका आधारहरू पूरा भएको स्थान छनोट गर्नुपर्नेछः

१. प्रचलित कानून बमोजिम उपयुक्त भएको।

२. वस्ती, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक तथा सांस्कृतिक सम्पदा, नदी, खोला, ताल, मुहान तथा अन्य संवेदनशील क्षेत्रमा प्रत्यक्ष असर नपर्ने।

३. फोहोरमैला ढुवानी गर्न सहज सडक पहुँच भएको तथा सार्वजनिक स्वास्थ्य र वातावरणमा प्रतिकूल प्रभाव नपार्ने।

४. बाढी, पहिरो, डुबान, भू-क्षय वा अन्य प्राकृतिक विपद्को उच्च जोखिम नभएको।

५. स्थानीय समुदाय, सार्वजनिक संरचना, वाटो, पानी मुहान आदीमा प्रत्यक्ष असर नगर्ने स्वःघोषणा भएको।

## परिच्छेद-४

## फोहोरमैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी/खुला प्रतिस्पर्धा सम्बन्धी व्यवस्थाः

### ११. सार्वजनिक निजी साझेदारी/खुला प्रतिस्पर्धा सम्बन्धी व्यवस्थाः

क. निर्धारित क्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिकाले सार्वजनिक निजी साझेदारी वा खुला प्रतिस्पर्धाको अवधारणामा कार्य गर्न गराउन सक्नेछ।

ख. फोहोरमैला व्यवस्थापन गर्न चाहने कम्पनी, संस्था वा निकायहरुले गाउँपालिकाबाट प्रकाशित सूचना अनुरुप बोलपत्र पेश गर्नुपर्नेछ। गाउँपालिकाले सूचना प्रकाशन गर्दा प्रस्तावकहरुबाट छुट्टा-छुट्टै प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव माग गरी सो को आधारमा प्रस्ताव मूल्याङ्कन गर्नु पर्नेछ।

ग. सम्भावित प्रस्तावकहरुबाट कार्यालयले बोलपत्र माग गर्दा बोलपत्र जमानत वापत कम्तीमा रु. ५,००,०००।- (अक्षरेपि पाँच लाख मात्र) माग गर्नुपर्नेछ। बोलपत्र जमानत रकम सम्झौता अवधि समाप्त भई कार्य सम्पन्न भए पश्चात नियमानुसार फिर्ता गरिनेछ ।

घ. प्राप्त प्रस्तावहरुको अनुसूची १ बमोजिम प्राविधिक मूल्याङ्कन गरी प्राविधिक मूल्याङ्कनमा सफल भएका प्रस्तावकहरुको मात्र आर्थिक प्रस्ताव मूल्याङ्कन गरिनेछ र उपयुक्त देखिएको प्रस्तावकको बोलपत्र स्वीकृत गरिनेछ।

ङ. फोहोर गर्नेले नै सफा गर्नुपर्छ, त्यसको मुल्य तिर्नुपर्छ भन्ने मान्यतामा आधारित भई गाउँपालिकाको न्यूनतम खर्चमा फोहोरमैला व्यवस्थापन हुने सिद्धान्तको आधारमा न्यूनतम कबोल अंक कायम गरी बोलपत्र प्रकाशन गरिनेछ।

च. स्वीकृत प्रस्तावकले कबोल गरेको बोलपत्र कबोल अंक बराबरको रकम सम्झौता अगावै कार्यालयको राजश्व खातामा दाखिला भएपछि बोलपत्रदातासँग अनुसूची २ बमोजिम सम्झौता गरिनेछ ।

छ. फोहोरमैला व्यवस्थापनका लागि बोलपत्र आह्वान गर्दा एक आर्थिक वर्षको लागि गर्नुपर्नेछ। स्वीकृत साझेदार संस्था/प्रस्तावकको कार्य सन्तोषजनक देखिएमा बोलपत्रदाताले अघिल्लो वर्ष कबोल गरेको रकममा १५ प्रतिशतका दरले प्रत्येक बर्ष थप हुने गरी कार्यपालिकाको निर्णय अनुसार ३ बर्ष सम्म सम्झौता अवधि थप गर्न सकिनेछ।

ज. दफा ११ (झ) बमोजिमको निजी क्षेत्रले फोहोरमैला व्यवस्थापन गरेवापत फोहोर गर्ने सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट आर्थिक ऐनमा तोकिए बमोजिमको सेवा शुल्क उठाउनेछ।

झ. स्थानीय सामुदायिक संस्था, टोल विकास संस्था, गैरसरकारी संस्था वा नाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका कम्पनीहरु वा स्थानीय तथा बाह्य संघ/संस्थाहरुलाई फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिका भित्र निजी क्षेत्रको रुपमा लिन सकिनेछ।

ञ. फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, वायोग्यास प्लान्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम बिर्सजन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी दफा ११ (झ) बमोजिमको निजी क्षेत्रको हुनेछ ।

ट. दफा ११ (झ) बमोजिमको निजी क्षेत्रले दफा १० (ज) को शर्त पुरा गरी फोहोरमैला व्यवस्थापन स्थलको छनौट गर्नु पर्नेछ । त्यस्तो स्थल रहने जग्गा देहायबमोजिमको स्वामित्वमा रहेको हुनुपर्नेछ।

१. फोहोरमैला व्यवस्थापन साझेदारको आफ्नै स्वामित्वमा रहेको,

२. साझेदारले व्यक्ति वा अन्य संघसंस्था वा निकायसँगको आपसी सहमतिमा लिजमा लिएको स्थल,

३. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको स्वामित्वमा रहेको जग्गा सम्बन्धित निकायको स्वीकृति वा प्रचलित कानुनबमोजिम उपलब्ध गराएको स्थल ।

ठ. दफा ११ (झ) बमोजिमको निजी क्षेत्रले फोहोरमैला व्यवस्थापन स्थलमा संकलन गरेको फोहोर यथास्थितिमै वा वर्गीकरण गरी वा प्रशोधन गरी बेचबिखन गर्न सक्नेछ।

## परिच्छेद-५

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था:

**१२. फोहोरमैला व्यवस्थापन शुल्क उठाउन सक्ने:**

क. गाउँपालिकाले फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट आर्थिक ऐनमा तोकिए बमोजिमको सेवा शुल्क उठाउन सक्नेछ।

ख. उपदफा (क) बमोजिमको शुल्क गाउँपालिकाले आफै वा तोकेको संस्था वा दफा ११ (झ) बमोजिमको निजी क्षेत्र मार्फत उठाउन सक्नेछ।

ग. उपदफा (क) र (ख) बमोजिम प्राप्त शुल्क वापत हुन आएको आम्दानी वितरण र लागत साझेदारी प्रक्रिया सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**१३. सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः**

क. गाउँपालिकाले तोकेको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

ख. फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ। यसरी सेवा निलम्वन वा अन्त्य गरिएमा अन्त्य गर्नुको कारण सहित गाउँपालिकालाई जानकारी दिनुपर्नेछ।

ग. सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घर तथा व्यवसायबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन सम्बन्धित व्यक्ति, संस्था वा निकाय आफैंले गर्नुपर्नेछ।

घ. सेवाग्राहीले बुझाउनु पर्ने सेवा शुल्क तथा अन्य शुल्क/जरिवाना बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

## परिच्छेद-६

## प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्थाः

**१४. प्रदुषण नियन्त्रणः**

क. गाउँपालिकाले आफ्नो क्षेत्रभित्रबाट संकलित फोहोरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथासक्य कम गरी प्रदुषण रहित ढंगले व्यवस्थापन गर्नेछ।

**१५. फोहोरमैला व्यवस्थापनको अनुगमनः**

क. समितिले फोहोरमैला व्यवस्थापन तथा निष्कासन कार्यको नियमित अनुगमन गर्ने वा गराउनेछ।

ख. अनुगमन गर्दा समितिले आवश्यक कार्य योजना बनाई लागु गर्न सक्नेछ।

ग. अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात सोको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

घ. प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

ङ. समितिले अनुगमन गर्ने कार्यका लागि प्राविधिक सहितको छुट्टै संयन्त्र निर्माण गरी कार्यदिश दिन सक्नेछ।

**१६. फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्थाः**

क. गाउँपालिकाले फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरणीय संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्न सक्नेछ।

ख. गाउँपालिकाले मुलतः देहायका क्षेत्रमा स्थानीय समुदायको सहभागितामा कार्यक्रम सञ्चालन गर्नेछ,

१. सडक, विद्युत, खानेपानी तथा ढल, सरसफाई र वातावरण संरक्षण,

२. विद्यालय र स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन,

३. प्रभावित क्षेत्रमा आर्थिक, सामाजिक रुपले पछाडि परेका विपन्न वर्गको उत्थान तथा विकासका लागि आवश्यक कार्यक्रम।

## परिच्छेद - ७

## फोहोरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः

**१७. फोहोरमैला व्यवस्थापन समितिको गठन:**

क. फोहोरमैला व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरुका लागि गाउँपालिकामा देहाय बमोजिमको फोहोरमैला व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| गाउँपालिकाका उपाध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| पुर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| पृथ्वी राजमार्गमा जोडिएका वडाका वडा अध्यक्षहरु | - सदस्य |
| फोहोरमैला संकलन क्षेत्रका स्थानीयको सहभागिता हुने गरी समितिको अध्यक्षले तोकेको कम्तिमा ३ जना महिला सहित ५ जना | - सदस्य |
| योजना तथा अनुगमन शाखा प्रमुख | - सदस्य सचिव |

**१८. समितिको काम कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्ने।

ख. फोहोरमैला व्यवस्थापन कार्यसँग सम्बद्ध निकायहरुबिच समन्वयको लागि नीतिगत व्यवस्था गर्ने।

ग. फोहोरमैला व्यवस्थापनका लागि शुल्क निर्धारण गरी सिफारिस गर्ने ।

घ. फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य हेर्ने शाखाबाट सम्पादन भएका कार्यहरुको मासिक प्रतिवेदन निरिक्षण गरी आवश्यक निर्देशन दिने।

ङ. फोहोरमैला एकिकृत रुपमा व्यवस्थापन गर्न गाउँपालिकाले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नुपर्ने रकमको प्रतिशत निर्धारण गर्ने।

च. फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरुसँग छलफल गरी समाधान खोज्ने।

छ. कार्यपालिकाले तोकेका अन्य काम गर्ने।

**१९. समितिको बैठक सम्बन्धी व्यवस्था:**

क. समितिको बैठक ३ महिनामा कम्तिमा १ पटक बस्नेछ।

ख. सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ।

ग. बैठकको निर्णय सामान्यतः सहमतिमा गरिनेछ। सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन्।

घ. समितिले आवश्यक देखेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

ङ. समितिको निर्णय अध्यक्षबाट प्रमाणित गरिनेछ।

च. बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद - ८
## दण्ड सजाय

**२०. सजायः**

क. गाउँपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्कासन गर्ने व्यक्तिलाई पहिलो पटक भए रु. १,००० सम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा रु. ३,००० सम्म, तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकका लागि रु. ५,००० का दरले जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सकिनेछ।

ख. कन्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्नेलाई गाउँपालिकाले रु. ५०० देखि रु. १,५०० सम्म जरिवाना गर्न सक्नेछ।

ग. फोहोरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउनेलाई गाउँपालिकाले रु. ५,००० देखि रु. ५०,००० सम्म जरिवाना गरी कन्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च समेत असुल उपर गर्न सक्नेछ।

घ. घर, कम्पाउण्ड वा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा जथाभावी राख्ने, फाल्ने वा थुपार्ने वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै किसिमका हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्नेलाई गाउँपालिकाले रु. १,००० देखि रु. १०,००० सम्म जरिवाना गर्न सक्नेछ।

ङ. फोहोरबाट निस्केको दूषित पानी वा ढल चुहाइ अन्य व्यक्तिको घर वा जग्गा वा सार्वजनिक स्थल प्रदूषित गराउनेलाई गाउँपालिकाले रु. १,००० देखि रु. १०,००० सम्म जरिवाना गर्न सक्नेछ।

च. मरेको पशुपन्छी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, नदी, खोलानाला, चोकमा राख्ने, फाल्ने वा थुपार्नेलाई गाउँपालिकाले रु. ५,००० देखि रु. १५,००० सम्म जरिवाना गर्न सक्नेछ।

छ. गाउँपालिकाले तोकेको स्थान बाहेक जन स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्नेलाई गाउँपालिकाले रु. १५,००० देखि रु. ५०,००० सम्म जरिवाना गर्न सक्नेछ।

ज. रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्नेलाई गाउँपालिकाले रु. १५,००० देखि रु. ५०,००० सम्म जरिवाना गर्न सक्नेछ। सोही कसुर पुनः गरेमा पहिलो पटक गरिएको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानूनबमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ।

झ. फोहोरमैला संकलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्नेलाई प्रचलित कानूनबमोजिम दण्ड र जरिवाना गर्न सकिनेछ।

ञ. स्रोतमै फोहोरमैला पृथकीकरण नगरी फोहोरमैला मिसाई निष्कासन गर्नेलाई गाउँपालिकाले प्रत्येक पटक रु. ५०० जरिवाना गर्न सक्नेछ।

# परिच्छेद - ९
# विविध

## २१. विविध

क. यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा कार्यविधिको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकाको हुनेछ।

अनुसूची १

प्राविधिक प्रस्ताव मूल्याङ्कन मापदण्ड

Benighat Rorang Rural Municipality

# Office of the Rural Municipal Executive

Bishaltar, Dhading

## Evaluation of Technical Proposal for Waste Management Contract

| S.N. | Evaluation criteria | | Marks allocated |
|---|---|---|---|
| 1 | **Criteria/ Sub Criteria** | | |
| 1.0 | **Experience of the Contractor Relevant to the Assignment (30 Marks)** | | |
| | **i) Years of Experience (General)** | | **10** |
| | Excellent | ≥ 3 years of experience | 10 |
| | Good | 2 Years of experience | 8 |
| | Fair | < 2 years of experience | 6 |
| | | No experience | 0 |
| | **ii) Years of Experience (Specific)** | | **10** |
| | | Experience in Waste Management Project | 10 |
| | | Experience in Transportation of goods relevant to any supply. | 8 |
| | | No experience | 0 |
| | **iii) Experience in Similar works and Ecological Region** | | **10** |
| | Experience in any Ecological Region | 3 and above project | 10.0 |
| | Experience in any Ecological Region | 2 project | 5.0 |
| | Experience in any Ecological Region | 1 project | 3.0 |
| | | No experience | 0.0 |
| | **SUB-TOTAL** | | **30.0** |
| 2.0 | **Adequacy of the proposed methodology, specific work experience and work plan in responding to the terms of reference (40 Marks)** | | |
| | **i) Understanding of objectives** | | **6** |
| | Excellent | Understanding of objectives | 6 |
| | Good | Understanding of objectives | 4 |
| | Fair | Understanding of objectives | 3 |
| | Poor | Understanding of objectives | 0 |
| | **ii) Specific experience in Waste Management projects** | | **6** |
| | Excellent | Experience up to 3 projects | 6 |
| | Good | Experience up to 2 projects | 4 |
| | Fair | Experience up to 1 projects | 3 |
| | Poor | Experience of 0 projects | 0 |
| | **iii) Quality of Methodology for Waste Management projects** | | **6** |

| S.N. | Evaluation criteria | | Marks allocated |
|---|---|---|---|
| | Excellent | Quality of Methodology | 6 |
| | Good | Quality of Methodology | 4 |
| | Fair | Quality of Methodology | 3 |
| | Poor | Quality of Methodology | 2 |
| | | **iv) Innovativeness** | **6** |
| | Excellent | Innovativeness | 6 |
| | Good | Innovativeness | 4 |
| | Fair | Innovativeness | 3 |
| | Poor | Innovativeness | 0 |
| | | **v) Work Plan** | **6** |
| | Excellent | Matching with TOR | 6 |
| | Good | Matching with TOR | 4 |
| | Fair | Matching with TOR | 3 |
| | Poor | Matching with TOR | 0 |
| | **vi) Organization: Well established organizational with clear job description including assurance system for the project.** | | **6** |
| | Excellent | Organization: Well established organizational with clear job description including assurance system | 6 |
| | Good | Organization: Well established organizational with clear job description including assurance system | 4 |
| | Fair | Organization: Well established organizational with clear job description including assurance system | 3 |
| | **vii) Staffing: Having internal staff sufficient for handling the defined jobs with proper qualification and experience** | | **4** |
| | Excellent | Having internal staff sufficient for handling the defined jobs with proper qualification and experience | 4 |
| | Good | Having internal staff sufficient for handling the defined jobs with proper qualification and experience | 3 |
| | Fair | Having internal staff sufficient for handling the defined jobs with proper qualification and experience | 2 |
| | **SUB-TOTAL** | | **40** |
| 3.0 | **Transportation Methodology and Equipment's (30 Marks)** | | |
| | Excellent | Adequate Machinery equipment as per TOR | 30 |
| | Good | Adequate Machinery equipment as per TOR | 20 |
| | Fair | Adequate Machinery equipment as per TOR | 10 |
| | Poor | Adequate Machinery equipment as per TOR | 0 |
| | **SUB-TOTAL** | | **30** |
| | ***Total Marks*** | | **100** |
| | **Pass Marks** | | **50** |

## अनुसूची २

सम्झौता पत्रको नमूना

यस बेनीघाट रोराङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विशालटार, धाडिङ (यस पछि प्रथम पक्ष भनिने) र श्री ........................................................................ (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति............. गते यस बेनीघाट रोराङ गाउँपालिकाको आ.व. ........... को फोहोरमैला व्यवस्थापन सम्बन्धमा तपसिलका शर्त तथा बन्देज पालना गर्न दुवै पक्ष सहमत भई सम्झौता गरी एक/एक प्रति लियौं/दियौं।

**शर्त र बन्देज**

१. सम्झौता अवधि मिति…………….देखि………………..सम्म हुनेछ र दोस्रो पक्षले मिति……देखि नै कार्यसञ्चालन गर्नुपर्नेछ।

२. दोस्रो पक्षको कार्यसम्पादन सन्तोषजनक भएमा प्रत्येक बर्ष कबोल अंकमा पन्ध्र प्रतिशत थप गरी सम्झौताको समयावधि पुनः १ वर्षको दरले ३ बर्ष सम्म थप गर्दै जान सकिनेछ। दोस्रो पक्षको कार्य सम्पादन सन्तोषजनक नभएमा प्रथम पक्षले एक महिना पूर्व जानकारी दिई सम्झौता रद्द गर्न सक्नेछ।

३. दोस्रो पक्षले प्रथम पक्षलाई बुझाउनुपर्ने वार्षिक बोलकबोल रकम रु……………………….. (अक्षरेपि रु……………….……………..मात्र) (मु.अ.कर बाहेक) अग्रिम बुझाउनुपर्नेछ ।

४. दोस्रो पक्षले दैनिक रुपमा संकलित फोहोरलाई कुहिने र नकुहिने गरी विभाजन गर्ने र त्यसरी विभाजन गरिसकेपछिः

   क) **कुहिनेको हकमा :** तत्काल कम्पोष्ट मल बनाई व्यवसायिक रुपमा नै बिक्री वितरण गर्न सक्ने र दीर्घकालिन रुपमा घरघरै कम्पोष्ट मल बनाउन सिकाई प्रयोगमा ल्याउन प्रेरित गरी घरबाटै कुहिने फोहोर ननिस्कने वातावरण मिलाउनु पर्नेछ।

   ख) **नकुहिनेको हकमा :** तत्काल पुनः प्रयोगमा आउने खालका सामानहरु बिक्री वितरण गर्न सक्ने र दीर्घकालिन समयमा वा प्रशोधन पश्चात प्रयोगमा आउन सक्ने फोहोर प्रशोधन गरी बिक्री वितरण गर्न सक्नेछ।

   - यसरी विभाजन गरी प्रयोग हुने कुहिने र नकुहिने छुट्टाई सकेपछि पनि कतै प्रयोग नहुने केही बाँकी फोहोरलाई प्रस्तावकले उपयुक्त ल्याण्डफिल साइट वा तोकिएको बिषर्जन केन्द्रमा लगि वातावरणमा नकारात्मक असर नपर्ने गरी व्यवस्थापन गर्नु पर्नेछ । सो कार्यको गाउँ कार्यपालिकाको कार्यालयले निरन्तर अनुगमन गर्नेछ।

   ग) बुँदा नं. ४(क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहोरमैला व्यवस्थापन स्थलमा संकलन गरेको फोहोर यथास्थितिमै वा वर्गीकरण गरी वा प्रशोधन गरी बेचबिखन गर्न सक्नेछ।

५.	ल्याण्डफिल/बिषर्जन केन्द्रमा आवश्यक पूर्वाधार निर्माण, फोहोर संकलन, प्रशोधन तथा विषर्जनको लागि आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्था दोस्रो पक्षले गर्नु पर्नेछ।

६.	सम्झौता अवधिको शुरुवातमा फोहोर व्यवस्थापन गर्न आवश्यक पर्ने न्यूनतम व्यवस्थापकीय आवश्यकता पूरा गर्न र समुदायमा जनचेतना जगाउन प्रथम पक्षले सहजीकरण गर्नेछ र दोस्रो पक्षले तालिम संचालन गर्नु पर्नेछ।

७.	फोहोर व्यवस्थापन केन्द्रको व्यवस्थापनका लागि आवश्यक पर्ने अन्य जनशक्ति दोस्रो पक्षले नै व्यवस्थापन गर्नुपर्नेछ, प्रथम पक्षले दोस्रो पक्षलाई बोलाएको बेला उपस्थित भई व्यवस्थापन सम्बन्धि गतिविधिको जानकारी गराउनु पर्नेछ।

८.	फोहोरजन्य वस्तुहरुको विक्रीबाट हुने आम्दानीमा प्रथम पक्षले कुनै दावी गर्ने छैन।

९.	प्रथम पक्षले कुनै आर्थिक तथा भौतिक श्रोत साधनहरु उपलब्ध गराउन आवश्यक देखेमा कार्यक्रमको प्रकृति हेरी औचित्य पुष्टि भएमा बेनीघाट रोराङ गाउँपालिका अन्तर्गत गठित फोहोरमैला व्यवस्थापन समितिको सिफारिसमा प्रथम पक्षले आवश्यक निर्णय गर्न सक्नेछ।

१०.	गाउँपालिकाको गाउँ सभाले फोहोरमैला संकलन शुल्क वापत घरपरिवार, व्यापार व्यवसाय, उद्योगको लागि गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिमको शुल्क दोस्रो पक्षले मासिक रुपमा संकलन गर्नुपर्नेछ।

११.	दोस्रो पक्षले फोहोरमैला संकलन गर्दा गाउँपालिका क्षेत्रभित्रका पृथ्वी राजमार्ग तथा आसपासका क्षेत्रहरुमा हप्तामा कम्तिमा २ पटक फोहोर संकलन गर्नुपर्नेछ । साथै राजमार्ग क्षेत्र सफा र सुन्दर राख्ने जिम्मेवारी समेत दोस्रो पक्षको हुनेछ।

१२.	फोहोरमैला संकलन तथा व्यवस्थापन सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा समस्याको समाधानका लागि प्रथम पक्ष र दोस्रो पक्षले छुट्टा छुट्टै वा संयुक्त रुपमा पहल गर्न सकिनेछ।

१३.	फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यको प्रथम पक्षबाट निरन्तर रुपमा अनुगमन हुनेछ। फोहोरमैला संकलन तथा व्यवस्थापन सन्दर्भमा प्रथम पक्षबाट जारी भएका निर्देशन दोस्रो पक्षले पालना गर्नुपर्नेछ।

१४.	फोहोरमैला संकलन प्रशोधन केन्द्रको लागि प्रथम पक्षबाट स्वीकृत जग्गा वा क्षेत्र बाहेक अन्यत्र प्रयोग पाईने छैन। दोस्रो पक्ष आफैले जग्गा व्यवस्थापन गरी पायक पर्ने स्थानमा प्रयोग गर्न चाहेमा पूर्व स्वीकृती लिनु पर्नेछ। त्यसरी प्रयोग गरे वापत आउन सक्ने वातावरणीय लगायत अन्य समस्याको जवाफदेही स्वयं दोस्रो पक्ष हुनेछ।

१५.	नेपाल सरकार वा गाउँपालिकाको नीति, नियममा संशोधन भई ठेक्का संचालनमा अवरोध हुन जाने अवस्था आएमा प्रथम पक्षले ठेक्का रद्द गरी संचालन भएको अवधिसम्मको दामासाहीले हुने रकमलाई ठेक्का अंक कायम गरी सोहि बमोजिम हरहिसाब फरफारक गरिनेछ। तर दोस्रो पक्षका कारण ठेक्का रद्द गर्नु पर्ने अवस्था आएमा यो बुँदा आकर्षित हुने छैन।

१६.	सम्झौतामा उल्लिखित विषय वा अन्य कुनै विषयमा कुनै विवाद/समस्या उत्पन्न भएमा आपसी छलफलद्वारा दुवै पक्षको सहमतीमा टुंगाईनेछ। कुनै बिषयमा सहमति हुन नसकेमा प्रथम पक्षको निर्णय अन्तिम हुनेछ।

१७. नेपाल सरकार र प्रथम पक्षको नीति निर्देशनमा रहि ठेक्का संचालन गर्नु पर्नेछ। सो विपरित कार्य गरी प्रथम पक्ष वा अन्य कुनै पक्षलाई कुनै हानि नोक्सानी भएमा हानी नोक्सानीको विगो बराबरको रकम दोस्रो पक्षबाट प्रथम पक्षले असुल उपर गर्न सक्नेछ साथै बारम्बार दोहोर्‍याएमा सम्झौता समेत तोड्न सकिनेछ।

१८. सम्झौतामा उल्लेख भएको शर्तहरु सोही अनुसार र सम्झौतामा उल्लेख नभएका विषयहरुमा प्रचलित कानून अनुसार हुनेछ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| ठेगानाः | ठेगानाः |

ईति सम्वत् २०... साल ....... महिना ......... गते रोज ....... शुभम् ।

आज्ञाले
रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत